सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ अंक : २९ २०७९ साल, कार्तिक ७ गते सोमबार, Monday 24 Oct, 2022 मूल्य रू. ५/- पृष्ठ : ४

## शिक्षा र स्वास्थ्यलाई मुख्य एजेण्डा बनाई बिकास गर्ने छु : खानेपानी मन्त्री उमाकान्त चौधरी

निजगढ, ६ कार्तिक ।

नेपाल सरकारकारका



खानेपानी मन्त्री एवम नेपाली काँग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले शिक्षा र स्वास्थ्यलाई मुख्य एजेण्डा बनाई बिकास गर्ने बताउनु भएको छ। नेपाली काँग्रेस निजगढ नगरकार्यसहमितिले निजगढमा आयोजना गरेको अगुवा कार्यकर्ता भेला एवम चुनावी सभालाई सम्बोधन गर्दै मन्त्री चौधरीले मेरो पहलमा तत्कालिन बन मन्त्री, अर्थ मन्त्री, पर्यटन मन्त्री सहित प्रधान मन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एस का अध्यक्ष माधव नेपाल, जनता हमाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमोर्चा की उपाअध्यक्ष दुर्गा पौडेललाई निजगढमा बोलाई हरहालमा निजगढ अन्तराष्ट्रिय बिमान र फास्ट ट्रयाक बनाउने प्रतिवद्धता गर्न गलाएएको तथा मन्त्री परिषदबाट समेत निजगढमा नै अन्तराष्ट्रिय बिमान स्थल निर्माण गर्ने निर्णय पनि भईसकेको हुदा कसैले चाहेर पनि रोक्न नसक्ने बताउनु भयो .। निर्वाचन अचार सहिताका कारण शिलान्यास गर्न नसकेको मन्त्री चौधरीले बताउदै निर्वाचन सक्ने बितिकै शिलान्यह गर्ने प्रतिवद्धता गर्नुभयो । नेकपा एमाले मधेशही बिरोधी पार्टी भएको आरोप लगाएका छन ।

मन्त्री चौधरीले तराई मधेसका जनताहरुलाई प्रत्येक्ष फाईदा पुग्ने नागकिता बिधेयक पास नगर्नमा राष्टपति संग मिलेर केपीओलीले बिधेयक अलपत्रमा पारेको हुदा तमाम मधेशी जनताको भवना माथि खेलवार गरेको बताउनु हुंदै संघिय लोकतान्त्रिक गणतन्त्रलाई सखाप पारी मुलुकमा एकतन्त्रीय शासन ब्यवस्था लादन खोजेको ओलीलाई मधेशबाट नै सबक सिकाउनुपर्ने जानकारी गराउनु भयो । सोही क्रममा मन्त्री चौधरीले जो मान्छे आफुले प्राप्त गरेको झन्डै दुई तिहाईको सरकारलाइ बचाउन नसकी आफनो स्वार्थ सिद्ध गर्नका लागि आफनै पार्टीका नेताहरुलाई भितामा पुगाउने ओली संग कस्री देश बन्छ मन्त्री चौधरीले प्रशन समेत गर्नुभयो .सुखी नेपाली, समृद्ध नेपालको झुठो नारा नेपाली जनतामा बाडी देशलाई तहस नहस पारेको र मानव अधिकारको हनन, अभिब्यक्ति स्वतन्त्रा कुन्ठित एवम प्रेस स्वतन्त्रतामा समेत अंकुश लगाउने आलीलाई नेपाली जनताले चिनिसकेको बताउदै उनको भ्रमको खेतीमा अव उपरान्त कोही नपर्ने मन्त्री चौधरीको तर्क रहेको थियो । मन्त्री चौधरीले क्षेत्र नम्बर १ मा शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाई बिधुत, कृषि, बाटोघाटोमा आमुल परिवर्तन ल्याएको बताउदै जनताको हरेक दुखसुखमा साथ दिदै आएको बताउनुभयो । यस क्षेत्रको बृहत बिकासको लागि कुनैपनि कसर बाकी नराख्ने प्रतिवद्धता जाहेर गर्दै सबैको मान सम्मान हुनेगरि काम गर्ने उहाले भन्नु भयो । सोही कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली काँग्रेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखर कुमर यादवले नेपाली काँग्रेस पार्टी लोकतन्त्रको रक्षा, प्रेसवतन्त्रताको बकालत, संविधान कार्यन्वयन गर्न एवम संघिय लोकतान्त्रिक गणातन्त्रलाई

(बाँकी तेश्रो पेजमा)

## बारामा ५ मोटरसाइकल सहित चोरीमा संलग्न ३ जना पक्राउ



कलैया, ६ कार्तिक ।

बारामा प्रहरी उपरिक्षक हुबेन्द्र बोगटील आए देखि मोटर साइकल चोर धमाधम पक्राउ परिरहेको छ । सोही क्रममा पुन्ह मोटरसाइकल चोरीमा संलग्न ३ जनालाई जिल्ला प्रहरी कार्यालय

(बाँकी तेश्रो पेजमा)

## एसपी र डीएसपी सहित कलैमा ३० जनाले गरे रक्तदान

कलैया, ७ कात्तिक ।

बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटी र डिएसपी राजेश थापा सहित ३० जनाले रक्तदान गरेका छन । प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय कलैया बाराको आयोजनामा राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरि जयन्ति २०७९ को पावन अवसरमा पुजा आर्चना गरि आइतवार रक्तदान शिविर सन्चालन गरिएको थियो । कलैयाको भरत चौकमा आयोजित एक कार्यक्रम बिच प्रमुख अतिथी बाराका प्रमुख जिल्ला अधिकारि कृष्ण बहादुर कटुवालले गरेका थिए । कटुवालले रक्तदान सब भन्दा ठूलो मानविय कर्म मध्ये को एक भएकाले



सबैले यो कर्म गर्नुपर्नेमा जोड दिएका हुन । कटुवालले धेरै रगतको अभावमा धेरै जनाको अकालमा ज्यान जाने

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## ५० लाखको खानेतेल चोरी गरी बेच्ने ४ जना पक्राउ

रामबाबु मेहता

बारा, ६ कार्तिक ।

५० लाख रुपैयाँ बराबरको खानेतेल बिच बाटोबाटै चोरी गरेर बाटोबाटै चोरी गरेर अन्यत्रै बीक्री गर्ने ४ जनालाई जल्लिा प्रहरी कार्यालय बाराले पक्राउ गरी सार्वजनकि गरेको छ । उद्योगले वीरगंजको अञ्जनी ९ सय १५ पोका तेल टूकमा लोड गरेर पठाइए पनि तेल सीन्धुली पुगेको थएिन । सुन्धुलीमा दुई दनिसम्म तेल नपुगेपछी उद्योगले खोजी गरदिनि भन्दै असोज उपरीक्षक होवीन्द्र बोगटीले बताए । उनले पक्राउ पर्नेमा टूक चालक नुवाकोटको शवपिुरी गाउँपालकिा १ घर भई काठमाडौं बस्ने ४३ वर्षका





बेच्ने ४ जनालाई प्रहरीले पक्राउ गरी आइतवार सार्वजनकि गरेको छ । वीरगंज पथलैया औद्योगकि करीडोर अन्तर्गत मनोकामना आयल फुड प्रोसेसङि प्र.ली.मा उत्पादीत खाने तेल सम्बन्धित ठाउँमा नपुर्याई बिच क्यारिर्यस मार्फत सन्धिुलीका कमलामाई नगरपालीकामा रहेको रोबनि सप्लायर्स लैजान प्रदेश २(०३(००१ ख ४८१२ नम्बरको टूकमा तेल लोड गरेर पठाएको थयिो । तर १ लटिरका १४ हजार ५ सय ६० र आधार लटिरको ५ हजार ३० गते जल्लिा प्रहरी कार्यालय बारामा उजुरी दिएको थियो ।

प्रहरीले उजुरी गरेको ५ दनिपछी ४ जनासहति टूक र केही परमिाणमा तेल बरामद गरेको जल्लिा प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी सुकमान तामाङलाई कल ट्रेस गरी कात्तकि ४ गते पक्राउ गरेको बताए । उनले प्रहरीले चालक तामाङले दएिको बयानका आधारमा घटनामा संलग्न अन्य ३ जनालाई पक्राउ गरेको

(बाँकी तेश्रो पेजमा)

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# निष्प्राण राजनीति कहिलेसम्म ?

**भैरव रिसाल**

खासमा नेताले नेतृत्व दिनुपर्ने हो तर त्यो हुन सकेको छैन । उनीहरू आफैं रुमलिएका देखिन्छन् । राजनीतिले नेतालाई साथ लिएर हिंड्नु पर्थ्यो । तर, यसो हुन सकिरहेको छैन । राजनीतिले नेता छोडेको अवस्था छ । यस्तै खालको समस्यामा देश रुमलिएको छ । खासमा नेताले नेतृत्व दिनुपर्ने हो तर त्यो हुन सकेको छैन । उनीहरू आफैं रुमलिएका देखिन्छन् । ठूला नेताहरूले वक्तव्य दिनुहुन्छ, नेतृत्व दिनु हुन्न । देश विकास गर्न वक्तव्य होइन, नेतृत्व चाहिन्छ । अझ निस्वार्थ नेतृत्व आजको आवश्यकता हो । आजको नेपाली राजनीतिमा हिजो नाम चलेका व्यक्तित्व हुनुहुन्छ । आजका लागि आजकै नेता, अझ युवा नेता देशका लागि खाँचो हो ।

पुराना नेताहरूको व्यक्तिगत त्याग, तपस्या र समर्पण आआ  नो ठाउँमा छ । २०४६ सालमा प्रजातन्त्र आएपछि पनि थुप्रै शासन व्यवस्था देख्ने भोग्ने जनताले आखिर के पाए ? यो समीक्षा दल र नेताबीच हुनुपर्ने होइन ? सूक्ष्मरूपमा हेर्ने हो भने जनताले केही पनि पाएनन् भन्छु म त । पाए त केवल महंगी, अभाव, असहयोग । वास्तवमै गरिबीको रेखामुनि रहेका जनता विचल्लीमा परेका पऱ्यै छन् । जनताले जस्तो नेतृत्व पाउनु पर्ने थियो त्यो त पाउन सकेकै होइन । यो नेपालको राजनीतिक समस्या हो जस्तो लाग्छ ।

देशमा तीन दसकभन्दा बढीको समयमा बेथितिको राजनीतिमात्र भइरहेको छ । यसलाई थितीमा कसरी लाने ? आजको चुनौती हो यो । सबै नेता परिक्षित असफल हुनुभयो । कसैले म ठिक छु भन्छ भने त्यो उसको दृष्टिमा मात्र हुनसक्छ । अन्यथा परिणाम हेर्ने हो भने मूल्यांकन गर्न कठिन छैन । झट्ट सुन्दा यो मैले लगाएको ठुलो आरोप होला । तर, उहाँहरू असफल हुनुभयो । अब सफल नेता चाहियो । सफल नेता कसरी ल्याउने ? हामीसँग प्रश्नहरू त पक्कै छन् । नेता बन्ने नेपाली नै हो अनि नेतृत्व गर्ने त नेपाली नै ।

सारा नेपालीको ध्यान अब सफल, असल र त्यागी नेतृत्वमा जानु पर्छ । आफू र आ  नालाई मात्रै नहेरी जनतालाई हेर्ने नेता चाहियो । यसको ठूलो अभाव छ । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको यो चुनावले यस्ता नेतालाई नेतृत्वमा पुऱ्याउन सक्यो भने हुन्थ्यो । अबका निर्वाचित सांसदहरू देशका लागि होउन्, विकासका लागि होउन् । राजनीतिमा त विश्वास ठूलो कुरो हो । कस्तो अप्ठ्यारो ! यसो अनुहार हेर्दा राजनीति र राजनेतामा कोही पनि विश्वस्त छैनन् । निराशावादी कुरो गऱ्यो भन्नु होला । यथार्थ तीतो नै हुन्छ । अब चुनिने सांसदहरूले यो निराशावादी कुरो हो, हामी सफल नेतृत्व दिन सक्छौं भन्नेगरी आउनु पऱ्यो ।

हिजो अस्ति त्याग तपस्या गर्ने नेता हिजो अलिकति शिथिल भए, आज त पूरै शिथिल । अब घर, परिवार, छोरा, छोरी, बुहारी, नाति–नातिना हेर्नेतिर मात्र सीमित रहे नेता । तिनले जनता हेरेनन् । यस्तो परिस्थितिमा अब जनताले कसलाई हेर्ने ? कोबाट अपेक्षा गर्ने ? आफूलाई नहेर्ने नेता भएपछि समस्या हुनु, मान्नु स्वाभाविक हो । आजको नेपाली राजनीतिको समस्या हो यो । यसरी कसरी विकास होला नेपालमा ? त्यसले यो स्थितिलाई गम्भीरतापूर्वक हेरेर खासगरी बुद्धिजीविहरू, कतै नलागेकाहरू अगाडि आउनुपर्ने हो कि ? समाजसेवीहरू अगाडि आउनु पर्ने हो कि ? यो मेरो दृष्टिकोण हो । यद्यपि राजनीति समाजसेवीबाट मात्र चल्दैन, राजनीति चलाउनलाई दूरदृष्टि चाहिन्छ । जसको अहिले अभाव छ ।

मूल समस्या नै नेतृत्वको अभाव हो । हुनत स्वतन्त्रहरू पनि आउन थालेका छन् । तर पनि मलाई स्वतन्त्रहरूप्रति विश्वास छैन । जसले राजनीतिक संघर्ष गरेकै छैन । तिनै स्वतन्त्रहरूबाट मुलुकको नेतृत्व होला जस्तो मलाई लाग्दैन । अघिल्लो चुनावमा काठमाडौं–१ मा एकजना थोरै मतले हार्नु भएको थियो । उहाँको संघर्ष राजनीतिको थिएन, अरू नै थियो तर एक ढंगले परिचित । उहाँ विफल हुनुभयो । अहिले राप्रपातिर फालहाल्नु भो क्याररु ! त्यसले गर्दा स्वतन्त्रबाट मुलुकको विकासको सम्भावना म देख्दिनँ ।

अहिले भएका दलमा पनि नेता गतिला छैनन् । छलफलले मात्रै भएन । यसरी अलमलिएर तीन दसकभन्दा धेरै समय बितिसक्यो । विकास होला र जीवनशैली उच्च होला भनेर जनताले कतिञ्जेल मन थामेर बस्ने ? अब नेपाली जनताले गम्भिरतापूर्वक विचार गरेर नयाँ नेतृत्व छान्नु पऱ्यो । नेपाली आमाले नेता जन्माएका होलान् । खोज्नु पऱ्यो । अर्थात् भोट हाल्दा एकदमै विचार पुऱ्याउनु पऱ्यो । कसैको लहैलहैमा लागेर पुरानै पारा देखाउन भएन ।

त्याग तपस्या गर्ने नेता अबको रोजाइ होस् । जनताका आवश्यकता र विकास बोल्ने नेता सबैको छनोटमा परुन् । खासमा सही काम हुन नसकेपछि गुनासो र प्रश्नहरू आउँछन् सायद । प्रश्नै प्रश्नको मुलुक बनेको छ नेपाल । विगतमा नेताले जनताबाट प्रश्न तेर्सिने गरी कुनै काम गर्न हुँदैनथ्यो । त्यसो भएको भए अहिले न गुनासो आउँथ्यो न प्रश्न तेर्सिन्थे । नेताप्रति जनताको विश्वास अनि भरोसा हुन्थ्यो । स्वतः आउनुपर्ने उत्तर कहिँबाट पनि आउँदैन । जोबाट पनि प्रश्न मात्रै उठ्छ । अझ प्रतिप्रश्नहरू । यो व्यवस्थाको विकल्प छ कि छैन ? जनताको पक्षमा बोल्ने विकल्प चाहिने हो । जनता र विकासका पक्षमा हामीसँग विकल्प छ भनेर कसैले भन्दैन । विकल्प त पक्कै होलान् तर त्यसरी सोचेर अघि बढ्ने नेतृत्व अगाडि आउनु पऱ्यो । अचम्म लाग्छ, किन कुनै पनि

*(बाँकी तेश्रो पेजमा)*

# मंसिर ४ को चुनावमा कसलाई रोज्ने ?

**गोविन्द आचार्य**

काठमाण्डौ, ६ कात्तिक ।

आगामी मंसिर ४ को चुनावका लागि यतिखेर सिंगो मुलुक मुख्यतः दुई ध्रुवमा बाँडिएको छ । पहिलो ध्रुवमा नेपाली काँग्रेस, माओवादी, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टीको संयुक्त वाम लोकतान्त्रिक गठबन्धन छ । यो गठबन्धनमा मधेसका केही जिल्लामा लोसपा पनि सामेल छ । उता दोस्रो ध्रुवमा एमाले, राप्रपा, जसपा, परिवार दलसहितका समूहको अर्को गठबन्धन खडा भएको छ । एक दुई निर्वाचन क्षेत्र छाडेर देशैभर यी दुवै गठबन्धनका उम्मेदवारबीच कडा प्रतिष्पर्धा भइरहेको छ । यसरी अहिले दुई धारमा विभक्त नेपाली राजनीतिलाई पूर्व प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डले अग्रगमन र पश्चगमन गरी दुई वटा धार, विचार वा प्रवृत्तिबीचको संघर्ष भनी चित्रण गर्नुभएको छ । कार्तिक ३ र ४ गते काठमाडौंका विभिन्न स्थानमा वाम लोकतान्त्रिक गठबन्धनद्वारा आयोजित कार्यकर्ता प्रशिक्षणमा सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले भने,"अहिले दुईवटा विचार, प्रवृत्ति आमनेसामने भएका छन । एउटा पश्चगमनतिर अर्को अग्रगमनतिर । एउटा संविधान मास्नेतिर, अर्को संविधानको रक्षा गर्नेतिर । एउटा लोकतन्त्रका विरुद्ध अर्को लोकतन्त्रका पक्षमा ।




अध्यक्ष प्रचण्डले भनेजस्तै अहिलेको चुनावमा संविधान र लोकतन्त्रको रक्षा गर्न चाहने शक्तिहरु एकातिर र यसलाई मास्न चाहने शक्तिहरु अर्कोतिर खडा भएका छन् । खास गरी एमाले अध्यक्ष केपी ओलीले दुई दुई पटक संसद विघटन गरेर संविधानमाथि नै प्रहार गर्ने कार्य गरेपछि त्यसका विरुद्ध लड्न वाम लोकतान्त्रिक गठबन्धन बनेको हो । त्यही गठबन्धनले संसद, सडकबाट मात्र नभई अदालतसम्म पुगेर पहलकदमी लिएकै कारण विघटित संसद ब्यूँतियो र संविधान जोगियो । केपी ओलीले अहिले पनि आ  नो गल्ती स्वीकारेका छैनन । आफूले संसद विघटन गरेर सही कदम चालेको वताइरहेका छन् । ओलीको कदममा देशको संविधान खारेज गर्नुपर्ने धारणा राख्दै आएका पूर्व पञ्चहरु कमल थापा, राजेन्द्र लिङदेनहरुले पनि साथ दिइरहेका छन् । केपी ओलीले कमल थापालाई पार्टीकै उम्मेदवार बनाउनु र पार्टीका खुल्ला तथा आन्तरिक कार्यक्रमहरुमा थापा प्रमुख अतिथि र अतिथिका रुपमा सहभागी हुनुले यी दुईबीच चुनाव पछि पार्टी एकता गर्ने गोप्य सहमति भएको अड्कल काटिदैछ ।

सबैलाई थाहा छ कि माओवादी जनयुद्धकै जगमा ७ दल र माओवादीबीच भएको १२ बुँदे सहमतिका आधारमा भएको दोस्रो जनआन्दोलन कारण देशमा गणतन्त्र आएको हो । संविधानसभामार्फत् नयाँ संविधान बन्नु, नयाँ संविधानमा नेपालको शासन प्रणाली संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्थाका रुपमा अंगिकार गर्नु यी सबै जनयुद्ध र जनआन्दोलनका उपलब्धि हुन् । जनयुद्ध र जनआन्दोलनको समयमा गणतन्त्र, संविधानसभा र संघीयताका विरोधी केपी ओली अहिले माधव नेपाल, झलनाथ खनाल, घनश्याम भुषालहरुले छाडेर गएको एमालेको अध्यक्ष छन् । उनले बाध्यतावस नयाँ संविधान र संविधानमा रहेका समावेशिता, संघीयता, धर्म निरपेक्षता र राजतन्त्र जस्ता कुरा स्वीकार्नु परेको कुरा पटक पटक सार्वजनिक समेत गरिसकेका छन् । आफूले बाध्यतावस गणतन्त्र, संघीयता, समावेशिता जस्ता विषयलाई स्वीकारेको वताउने ओली मौका पाउनासाथ यी उपलब्धि उल्ट्याउन चाहन्छन् । जुन कुरा उनको दुई दुई पटकको संसद् विघटन, अध्यादेशमार्फत् संवैधानिक निकायमा एकलौटी नियुक्ति, राजावादीहरुसँगको सहकार्य र गठबन्धन एवम् आ  नै पार्टीभित्रका गणतन्त्रलाई पाखा लगाउने कार्यबाट प्रष्ट हुन्छ ।

यी सबै कारणले आगामी मंसिर ४ को निर्वाचन सामान्य निर्वाचन मात्र नभएर अग्रगमन र प्रतिगमनका एजेण्डाबीच जनमत संग्रह जस्तै बन्न पुगेको छ । मंसिर ४ मा संविधानले जित्ने हो कि हार्ने हो ?, लोकतन्त्रले जित्ने हो कि हार्ने हो ? गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्यायसहितका समग्र परिवर्तनका एजेण्डाहरु संस्थागत गर्न चाहने प्रचण्ड, देउवा, माधवहरुले जित्ने हुन् कि यसलाई खारेज गर्न चाहने केपी ओलीहरुले जित्ने हुन् ? भन्ने जस्ता यक्ष प्रश्नहरुको जवाफ जनताले दिने मतमा निर्भर हुनेछ ।


त्यसैले आसन्न चुनावमा कसलाई रोज्दा देशको हित हुन्छ, संविधान र लोकतन्त्रको रक्षा हुन्छ भन्ने विषयमा जनताले विशेष ध्यान दिनै पर्दछ । उचित विवेक पुऱ्याउनै पर्दछ । यदि जनताले विवेक पुऱ्याउन नसकेमा फेरि प्रतिगामीहरुले जित्नेछन् र नेपाली जनताले लोकतन्त्र, गणतन्त्रसहितका एजेण्डाका लागि फेरि ठूलो त्याग, तपस्या र बलिदानसहितको संघर्ष गर्ने दिन आउन सक्ने छ । २०७४ सालमा सम्पन्न अघिल्लो निर्वाचनमा नेपाली जनताले करिव २ तिहाई मतले जिताएर केपी ओलीलाई प्रधानमन्त्रीको कुर्चीमा पुऱ्याउँदा ओलीले जे प्रतिवद्धता गरेका थिए, त्यो पूरा गरेनन् । उनले प्रधानमन्त्रीको कुर्चीलाई सत्ता स्वार्थको साधन बनाए । यति, ओम्नी, ७० करोडको टेप काण्ड जस्ता दर्जनौ भ्रष्टाचारसम्वन्धि काण्ड बाहिरिए । राज्यको ढुकुटी रित्याए । देशलाई थप ऋणमा डुबाए । विकासले गति लिएन । समृद्ध नेपाल र सुखी नेपालीको सपना पूरा भएन ।

केपी ओलीको गलत कार्यको विरोध गर्दा आ  नै पार्टीका नेता पाखा लगाए । संसदवाट आफूलाई हटाउन सक्ने भयले संसद नै विघटन गरे । अदालतले संसद विघटन गैरसंबैधानिक ठहर गरेर संसद पुनर्स्थापना गरेपछि पनि फेरि दोस्रो चोटी संसद विघटन गरे । ओलीलाई उनी संलग्न पार्टी तत्कालिन नेकपाको बहुमतले कारवाही गर्नुका साथै बहुमत सांसदले पदवाट हटाउन हस्ताक्षर गरेपछि आ  नै पार्टी विघटन गर्न पुगे । यसरी आ  नै पार्टी, संसद विघटन गर्ने, पटक पटक संविधान र लोकतन्त्रमाथि प्रहार गर्ने, भ्रष्टाचार, कुशासन, वेथितिलाई अघि बढाउने केपी ओलीलाई काँग्रेस, माओवादी, एकीकृत समाजवादीसहितको गठबन्धनको बलमा सत्तावाट हटाइयो । अहिले फेरि केपी ओली राजावादीहरुसँग साँठगाँठ गरेर चुनावमा उत्रिएका छन् । उनले मीठा मीठा सपना बाँड्ने र अग्रगामी गठबन्धनमाथि झुठ्ठा प्रचार गरिरहेका छन् । उनको पटक पटकको प्रतिगामी कदम र आगामी दिनको प्रतिगामी योजनालाई चुनावमार्फत् पनि परास्त गर्नै पर्दछ । जनताको मतलाई धोका दिएर प्रतिगामी कदम चाल्नेहरुमाथि जनताले दिने सजाय भनेको यो चुनावमा केपी ओली र उनको गठबन्धन दल तथा उम्मेदवारलाई हराउनु र माओवादी, काँग्रेस, एकीकृत समाजवादीसहितको अग्रगामी गठबन्धनलाई जिताउनु हो । (साभार–रातोपाटी)

# किन बन्न सकेन डेङ्गुविरुद्धको खोप ?

**डा. सुदिप खडका**

सबै भाइरस उही हुँदैनन् । डेङ्गु भाइरस नियन्त्रण विधि वा उपचार विधिका आफ्नै जटिलता छन् । यसका चार फरक प्रकार (सेरोटाइप) छन् । यो भाइरस सोझै मान्छेबाट मान्छेमा सर्दैन । एइडिस प्रजातिको लामखुट्टेको टोकाइबाट यो सर्ने गर्दछ । संक्रमित व्यक्तिलाई टोकेपछि सो लामखुट्टे आफैं संक्रमित हुन्छ । त्यसरी संक्रमित लामखुट्टेको टोकाइबाट फेरि नयाँ मान्छेमा सर्ने हुँदा यसको नियन्त्रण दुवै पक्षबाट गर्न जरुरी हुन्छ । यसरी मान्छे वा लामखुट्टे दुवैमा रहिरहन सक्ने हुँदा कुनै पनि क्षेत्रमा यो भाइरस तुलनात्मक रूपमा लामो समयसम्म रहिरहन सक्छ । त्यसैले डेङ्गु नियन्त्रणमा संक्रमित व्यक्तिको उपचार र लामखुट्टे नियन्त्रण दुवै पक्षलाई सम्बोधन गर्नुपर्ने हुन्छ । नेपालमा विगत एक दशकदेखि मात्र देखिन र हालैका वर्षमा मात्र महामारीको रूपमा फैलिन थालेको भए पनि यो भाइरस नयाँ भने होइन । थुप्रै राष्ट्रहरूमा यसअघि नै डेङ्गुले आफ्नो उपस्थिति देखाइसकेको छ । यसको भौगोलिक विस्तार पनि बर्सेनि बढ्दो छ । त्यसैले पनि डेङ्गु विरुद्ध खोप र औषधिको विकासमा थुप्रै कार्य भएका छन् । सामान्यतः एकपटक सक्रमण भएपछि उही प्रकारले सक्रमण गर्ने सम्भावना कम हुन्छ । तर एक प्रकारको डेङ्गु भाइरसले संक्रमित व्यक्ति अर्को प्रकारको डेङ्गु भाइरसले पुनः संक्रमित हुन सक्छ । हालसम्मको अनुसन्धानले के देखाएको छ भने एकप्रकारको डेङ्गु विरुद्ध मात्रै काम गर्ने खोपले अर्को प्रकार विरुद्ध काम गर्दैन । तसर्थ कुनै पनि खोप चारै प्रकारका सेरोटाइप विरुद्ध काम गर्ने बनाउन अपरिहार्य छ । एक प्रकारको डेङ्गु विरुद्ध खोप लगाएका व्यक्ति सो प्रकारको डेङ्गुबाट त सुरक्षित हुन्छन् तर अन्य प्रकारको डेङ्गु संक्रमणमा झन् जोखिममा हुन्छन् । त्यसैले कुनै पनि डेङ्गु विरुद्धको खोप एकैपटक चारै प्रकार विरुद्ध किफायती हुन जरुरी छ । डेङ्गुको खोप निर्माणमा




सबैभन्दा अप्ठेरो पार्ने मूल कुरा यहाँ छ । सामान्यतः कुनै पनि भाइरसको संक्रमणपश्चात् अथवा कुनै खोप लगाएपछि सो भाइरस विरुद्ध हाम्रो शरीरले एन्टीबडी बनाउँछ । यही एन्टीबडीले भविष्यमा सो भाइरस विरुद्ध लड्ने काम गर्दछ र संक्रमण हुनबाट जोगाउँछ । एक प्रकारको डेङ्गु विरुद्ध बनेका एन्टीबडी त्यही प्रकारको डेङ्गुको संक्रमण रोक्न पर्याप्त हुन्छन् । तर ती एन्टीबडीले अर्को प्रकारको डेङ्गुलाई भने निस्तेज पार्दैनन् । उल्टो एक प्रकारको डेङ्गु विरुद्ध बनेका एन्टीबडीले अर्को प्रकारको डेङ्गु सक्रमण भएमा सो भाइरसलाई फैलिन मद्दत गर्दछन् । यसलाई एन्टीबडी डिपेन्डेन्ट इन्ह्यान्समेन्ट (एडीई) भनिन्छ । यही कारण पहिले नै डेङ्गु विरुद्ध एन्टीबडी भएका व्यक्तिलाई अन्य प्रकारको डेङ्गु संक्रमण हुँदा संक्रमण तीव्र फैलिने, भाइरस संख्या अधिक हुने, झन् गम्भीर लक्षण देखिने, आन्तरिक रक्तस्राव हुने र मृत्यु हुने जोखिम बढी हुन्छ । खोप लगाएका व्यक्तिमा पनि त्यस्तै हो ।

एक प्रकारको डेङ्गु विरुद्ध खोप लगाएका व्यक्ति सो प्रकारको डेङ्गुबाट

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
ल्वतष्यलबी DAILY दैनिक



## निष्प्राण .................

नेता विकल्पतिर जाँदैनन् ? अझ अहिले त यति विधि आफू केन्द्रित भए नेताहरू कि आफू र आफन्तलाई मात्रै हेर्ने भए । यसैले गर्दा हो, नेतृत्वको नयाँ विकल्प खोज्नु परेको । पक्कै नेपाली आमाले जन्माएका होलान् । सूक्ष्म अध्ययन गरेर खोज्ने दायित्व नेपाली जनताको हो, मंसिर ४ मा ।

यी सबै हुनुमा नेपाली राजनीतिमा किनबेच हुनु पनि हो । यो अवश्य भएको छ । त्यो ठुल्ठूला नेताहरूको भाषण सुन्यो भने नै थाहा हुन्छ । गएको चुनावमा मेरो ६ करोड खर्च भयो भन्नुहुन्थ्यो नेपाली कांग्रेसकै वरिष्ठ नेता शेखर कोइरालाले । यसरी नेताहरूले पैसाबाट राजनीति गर्न थालेपछि देश कसरी विकास हुन्छ ? जनताले कसरी र कहिले राहत पाउलान् ? उहाँले पनि त्यसो भनेपछि के गर्ने हामी ? प्रश्नै प्रश्न भयो राजनीतिमा । उत्तर कसैले दिँदैन । हो, मात्र प्रश्न उठ्छ अनि उठिरहन्छन् । गठबन्धनले पनि प्रश्नहरू उठाएको छ । एक्लै जित्छु अनि केही गर्छु भन्ने हिम्मत हुनुपर्ने हो राजनीतिमा दलहरूलाई । गठबन्धन गरिएको छ, जुन स्वाभाविक अवतरण होला भन्ने लाग्दैन । स्वार्थले गाँसिएको प्रेमको भर हुन्न । अहिले भइराखेको सत्तावाला, सत्तासिन, सत्ता खोज्नेहरूबाट केही होला जस्तो लाग्दैन । म अलि उमेरले पाकेर, बुढो भएर पनि निराश भएँ कि ? थाहा भएन तर म चाहिँ हालको राजनीतिक वातावरणप्रति आशावादी छैन ।

भनिसकें, अबको एउटै विकल्प भनेको नयाँ नेतृत्व । खोज्नु पर्‍यो । इमान्दार क्रियाशील नेता जसले आफूलाई भन्दा जनतालाई हेरोस् । विकासको हिसाबले पनि कतिपय देशहरू नेपालभन्दा पछि थिए तीन दसकको आसपासमा छलाङ मारेर नेपाललाई पछि पारिसके । नेपालमा विकास कतिको भयो ? नेताले के के गरे यो देशमा ? के अझै हामीले मूल्यांकन नगर्ने ? हो, नेपालमा विकास भएन । हुन चाहिँ भयो तर पैसा खाने विकास भयो । आफू मात्रै अगाडि जाने विकास भयो । जनतालाई लिएर जाने विकास चाहिँ भएन है । नेताले नयाँ कुरा भन्छन् तर भन्ने मात्रै । केही गर्ने होइन । यहाँ त भनेर हुँदैन गर्नु पर्‍यो ।

देश चाहिँ कृषिप्रधान । कति अर्बको त धान नै आयात गर्नुपर्छ नेपालले । चामलै ल्याउनुपर्छ बाहिरबाट । गुन्द्रुकसमेत ल्याउनु पर्छ । गुन्द्रुकदेखि सिन्कासम्म ल्याएर कसरी विकास हुन्छ ? आत्मनिर्भर हुनलाई सोहीअनुसार व्यवस्थापन गर्नुपर्‍यो । कृषि र सिँचाइमा प्राथमिकता दिनुपर्‍यो त्यो पनि नयाँ प्रविधि जोडेर । अनि मात्रै आत्मनिर्भर भइन्छ । मुखले भनेर त आत्मनिर्भर हुँदैन । युवालाई परिचालन गर्नु पर्‍यो । युवा त मूल तत्त्व हो । युवा परिचालित भएन भने त मुलुकको विकास नै हुँदैन । युवा विदेश गइरहेका छन् । सबैले बुझेर पनि रोक्न नसक्नु हामी सबैको दुर्भाग्य हो । विदेश जानलाई प्रोत्साहन गर्ने काम भइरहेको छ । दुरुत्साहन गर्नुपर्‍यो । दुरुत्साहन गर्ने खालका योजना कार्यक्रम पनि हुनुपर्‍यो ।

राजनीतिमा प्राण भर्न अब निर्वाचित हुने सबै नेताले कम्तिमा यी तीनवटा सूत्रमा ध्यान दिनुपर्छ । सर्वप्रथम हरहिसाबले इमान्दार हुने । दोस्रो, गर्न सक्ने कुरा मात्रै बोल्ने । तेस्रो, आफूलाई होइन, जनतालाई हेर्ने । विगतदेखि हेर्दा राजनीति बिग्रिनुको पछाडि एउटै कुरो देख्छु, राजनीति व्यक्तिगत स्वार्थमा केन्द्रित भयो । यो हुनुको कारण भनेकै नेताहरूमा आत्मविश्वासको कमी । दलहरूमा प्रशिक्षण त दिन्छन् तर जे दिनुपर्ने त्यो दिँदैनन् सायद । वा प्रशिक्षण कम भयो । त्यो लागू भयो भएन भनेर अनुगमन र कारबाही भएन कि ? नेताहरू इमान्दार भएनन्, जसको परिणाम आज भोग्दै छौं । राजनीतिमा इमान्दारिता चुहिरहेको छ । समर्पण चुहिरहेको छ । त्यसैले भन्छु, नेताज्यूहरू सके सुध्रिनोस्, नभए छोडिदिनोस् । नयाँले गर्छन् । जनता पनि तात्न पर्‍यो । जसरी हुन्छ काम नगर्ने सबैलाई निकाल्नु पर्‍यो । हराउनु पर्‍यो, हटाउनु पर्‍यो ।

## किन बन्न..................

त सुरक्षित हुन्छन् तर अन्य प्रकारको डेङ्गु संक्रमणमा झन् जोखिममा हुन्छन् । त्यसैले कुनै पनि डेङ्गु विरुद्धको खोप एकैपटक चारै प्रकार विरुद्ध किफायती हुन जरुरी छ । पहिले विकसित केही डेङ्गुका खोप अन्तिम स्टेजमा असफल भए । ती खोप कि त प्रभावकारी देखिएनन् कि एडीईले गर्दा झन् अर्को सेरोटाइपको जोखिम बढाउने देखिए । हाल एकपटक सक्तमित भइसकेका व्यक्तिले लगाउन मिल्ने डेङ्गु विरुद्धको खोप परीक्षणको अन्तिम चरणमा छ । तर यो खोप पहिले एक पटक संक्रमित भइसकेकाले मात्र लगाउन मिल्छ । असक्तमितले लगाउँदा झन् जोखिम बढ्छ । खोप लगाउनुभन्दा पहिले नै पहिले संक्रमण भएको थियो कि थिएन भनेर प्रयोगशालामा परीक्षण गरी निर्क्योल गरेर मात्र लगाउन मिल्ने हुँदा यो खोप वितरणमा आफ्नै जटिलताहरू छन् । हल्लाको रूपमा आजकल खोप विकास नभएको 'डेङ्गु विकसित राष्ट्रमा नहुने त्यही भएर' भन्ने पनि खुब सुनिन्छ । यो पूर्ण सत्य होइन । आर्थिक रूपमा सबल र राम्रो अर्थतन्त्र भएका थुप्रै मुलुक (दक्षिणपूर्वी एशिया, दक्षिण चीन, ब्राजिल आदि) मा यसको प्रकोप निकै भयावह छ । हो, कोरोनामा जति लगानी डेङ्गु वा अन्य (सायद एचआईभी बाहेक) भाइरसमा हुन सकेको छैन । तर पूर्णरूपमा ध्यान नै नपुगेको हैन । प्रयास नै नभएको होइन । संसारभर थुप्रै वैज्ञानिकहरू (यो पंक्तिकारसहित) यो भाइरस विरुद्ध खोप वा औषधि विकास गर्न तल्लीन छन् । अझै पनि सयौं पुराना र विकसित राष्ट्रमा समेत ठूलो प्रभाव पार्दै गरेका कतिपय भाइरस सिर्जित रोगको उपचार वा खोप छैन । उदाहरणकै रूपमा हेर्नु पर्दा डेङ्गु परिवारसँग सम्बन्धित दुई भाइरसलाई हेरौं । विकसित राष्ट्रमा खासै नदेखिएको एल्लो फिभर भाइरसको खोप छ । तर विकसित राष्ट्रमा नै ठूलो प्रकोप रहेको हेपाटाइटिस सी भाइरसको विरुद्ध खोप छैन अनेक प्रयासका बावजूद । वास्तवमा अहिलेको अवस्थामा डेङ्गु विश्वका करिब आधा जनसंख्या बसोबास गर्ने उष्ण र समशीतोष्ण क्षेत्रमा देखा परेको/फैलिएको छ । बर्सेनि डेङ्गुले करिब ४० करोड व्यक्तिलाई संक्रमण गर्दछ भने तीमध्ये १० करोड व्यक्तिलाई सिकिस्त बनाउँछ । यसका कारण बिरामीको हेरचाह र औषधोपचारमा हुने खर्च ठूलो छ । उपचारमा हुने खर्च, जनशक्तिको आवश्यकता र स्रोतको विनियोजनको तुलनामा खोपको मूल्य गौण हुन आउँछ । त्यसैले थुप्रै राष्ट्रको यसमा चासो छ ।

औषधि र खोप व्यापारको दृष्टिकोणबाट हेर्दा पनि डेङ्गुका विरुद्ध खोप वा औषधिको विकास आकर्षक छ । बर्सेनि करोडौंको संख्यामा वितरण गर्नुपर्ने गरी उत्पादन/वितरण गर्नुपर्ने खोप/औषधि निर्माण गर्न सकेमा कुनै पनि कम्पनीलाई ठूलो आर्थिक उपलब्धि हुने नै थियो । त्यसैले ठूला औषधि निर्माता कम्पनीहरूमा पनि खोप/औषधिको विकासमा ठूलो आकर्षण छ । ठूला औषधि निर्माता/अनुसन्धानकर्ता कम्पनीहरूले पनि डेङ्गु विरुद्ध चाख लिएर काम गर्दै छन् ।

अहिलेसम्म खोप वा औषधि नहुनु आर्थिक आकर्षण नभएर वा इच्छा नभएर होइन । चार फरक सेरोटाइप र एन्टीबडी डिपेन्डेन्ट इन्हृयान्समेन्टले गर्दा दुर्भाग्यवश संक्रमण नै हुन नदिने खोप बनाउन अति नै जटिल छ । अहिले पनि डेङ्गु लक्षित विभिन्न खोप र औषधि विकास र परीक्षणको क्रममा छन् । प्रयास जारी छ । खोपको सुनिश्चितता नहुन्जेल वा उपचारको पद्धति नहुन्जेल सबैभन्दा उत्तम भनेको डेङ्गु संक्रमण हुन नै नदिनु हो । संक्रमण भइहालेको खण्डमा गम्भीर लक्षण एक चौथाइलाई मात्र देखिन्छ भने मृत्युदर १ प्रतिशतभन्दा पनि कम छ । यही आँकडा हेर्दा यो संक्रमण सामान्य लाग्न सक्छ । तर एक सेरोटाइपले संक्रमण गरेपश्चात जिन्दगीभर अर्को सेरोटाइपको संक्रमण भएमा गम्भीर लक्षण देखिने र मृत्यु हुने सम्भावना ह्वात्तै बढेर जान्छ । हालैमात्र नेपालमा एक भन्दा बढी सेरोटाइप रहेको पुष्टि भइसकेको छ । बर्सेनि वा केही समयको अन्तरालमा फरक फरक सेरोटाइपको महामारी फैलिन गएमा स्थिति भयावह हुनेछ । त्यसैले अहिलेलाई भने लामखुट्टे नियन्त्रण गरौं । डेङ्गुबाट बचौं । (डेंगु भाइरसमा विद्यावारिधि गरेका लेखक हाल स्ट्यानफोर्ड विश्वविद्यालयमा कार्यरत वैज्ञानिक हुन् । उनको अनुसन्धान डेङ्गु, एचआईभी लगायत भाइरस विरुद्ध औषधि निर्माणमा केन्द्रित छ ।) (साभार–अनलाइनखबर)

## शिक्षा र................

संथागत गर्ने पार्टी भएको हुँदा आम नेपालीहरुको चहना अव नेपाली काँग्रेस नै भएको हुदा रुख चिन्हमा मतदान गर्न सबैलाई आग्रह समेत गर्नुभयो ।

उक्त सभामा नेपाली काँग्रेस निर्वाचन क्षेत्र नम्ब १ का सभापति बिजय शंकर यादवले उपेन्द्र यादवको जनता समाजवादी पार्टी मधेशी जनतालाई धोका दिने काम मात्र गर्ने गरेको बताउदै उपेन्द्र यादवले सता र शक्तिका लागि मात्र राजनितिक गर्नेले देश बनाउन्छु भन्नु लजा स्पद कुरा रहेको बताउनु भयो । नेपाली काँग्रेस निजगढका नगर सभापति नवराज तिमिल्सहीनाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा युवराज लामा, रबि्राज दंगाल लगायत ५ दलिय गठबन्धनका नेताहरुले आफनो बिचार ब्यतफ गर्नु भएको थियो ।

## बारामा ५.............

बाराले पक्राउ गरेको छ । यही कार्तिक २ गते कलैयाको बरगाछीबाट चोरी भएको प्रदेश २–०३–०१३ प ४९५६ नम्बरको २ सय २० सिसिको कालो रातो रंगको पल्सर मोटरसाइकल चोरी गरेर त्यसका पार्टसहरु अर्को मोटरसाइकलमा फिट गर्न खोली लुकाएर राखिएको अवस्थामा प्रहरीले फेला पारेको थियो । पार्टसहरु खोलेर लुकाईछिपाई राख्ने बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ८ निवासी २२ वर्षीय सोहेल अन्सारीलाई प्रहरीले कार्तिक ४ गते पक्राउ गरेको हो । यस्तै बारा प्रहरीले विभिन्न मिति र विभिन्न स्थानबाट ५ थान मोटरसाइकल र अन्य २ जनालाई पनि पक्राउ गरेर अनुसन्धान अघि बढाएको छ । पक्राउ पर्नेमा बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ३ बैजनागपुर निवासी २० वर्षीय राकेश प्रसाद यादव र बाराकै बारागढी गाउँपालिका ४ बस्ने २४ वर्षीय रामकिशोर हजरा रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरुविरुद्ध चोरी मुद्धामा आवश्यक अनुसन्धान भइरहेको बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिनु भयो । प्रहरीले बिआर ०५ ए एन २३०५, प्र. २(०३( ००९ प ६८९४ र ना ३५ प १३७२ नम्बरको ३ वटा मोटरसाइकल पनि नियन्त्रणमा लिएको छ ।

# नेपालको हवाई क्षेत्रमा अन्तर्राष्ट्रिय समुदायको किन बढ्यो चासो

काठमाण्डौ, ६ कात्तिक । रासस

अन्तर्राष्ट्रिय नागरिक pड्डयन सङ्गठन (आइकाओ) को अडिट प्रतिवेदनमा नेपालले हवाई सुरक्षा परिपालनादर विश्वव्यापीभन्दा माथि अर्थात् ७० दशमलव एक प्रति प्राप्त गरेको छ । आइकाओले यसैवर्ष नेपालमा गरेको हवाई सुरक्षा अडिटको अन्तिम प्रतिवेदन हालै नेपालको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले सार्वजनिक गरेको थियो । नेपालले प्राप्त गरेको यो स्कोर ग्लोबल एभरेजभन्दा माथि हो । एशिया प्रशान्त क्षेत्रको भन्दा अगाडि छ । प्राधिकरणका अनुसार एशिया प्रशान्त क्षेत्रको उड्डयन सुरक्षादर ६४ दशमलव पाँच र विश्वव्यापी सुरक्षादर ६७ प्रतिशत रहेको छ । मुलुकको हवाई क्षेत्रमा प्राप्त यो उपलब्धिप्रति अन्तर्राष्ट्रिय समुदायको चासो र सद्भाव बढेको छ । पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायले हवाई सुरक्षाबारे अध्ययन तथा अडिट गरेका छन् । यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षा राम्रो रहेको सन्देश दिएको प्राधिकरणका हवाई सुरक्षा विभागका प्रमुख राजु श्रेष्ठले बताए ।

'आइकाओको अडिट प्रतिवेदनपछि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढेको छ', उनले भने, 'यसले असाध्यै राम्रो सन्देश दिएको छ, नेपालको हवाई सुरक्षा प्रणाली राम्रो रहेको छ, नेपालले हासिल गरेको विश्वव्यापी हवाई परिपालनादरबाट नेपाल सबल देशभित्र परेको छ जुन देशको लागि गौरबको विषय पनि हो ।' हाल नेपालमा नौ फिक्सविङ र ११ हेलिकप्टर कम्पनीसहित कूल २० वायुसेवा कम्पनी सञ्चालनमा छन् । नेपालमा सबै प्रकारका गरी एक सय हाराहारी वायुयान छन् । त्यसमा करिब ८० जहाज र हेलिकोप्टर ४० छन् । हालसम्म देशभर नौ सय ड्रोन दर्ता भएको प्राधिकरणले जनाएको छ ।

नेपालको हवाई क्षेत्रमाथि अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव बढ्नु सकारात्मक रहेको र यसले नेपालको नागरिक उड्डयन क्षेत्र विश्वव्यापी मापदण्डको छ भन्ने सन्देश गएको उनले उल्लेख गरे । नेपालको हवाई क्षेत्रप्रति प्राधिकरणले आइकाओको सहयोगमा मुलुकको हवाई सुरक्षा परिपालन दर ८० प्रतिशत कायम गर्ने लक्ष्यसहित मुलुकको हवाई क्षेत्रको सुधारात्मक कामलाई प्राथमिकता दिएको छ । आइकाओको अडिट प्रतिवेदनबाट नेपालले उत्कृष्ट नतिजा हासिल गरेको भन्दै प्रतिवेदनले औँल्याएका कमीकमजोरी निर्मूल गर्न गृहकार्य सुरु गरिसकेको उपमहानिर्देशक श्रेष्ठले बताए । उनका अनुसार अडिटपछि प्राधिकरणले सेफ्टी हेर्ने




निकायलाई अलग्गै बजेट र जनशक्तिको व्यवस्था गरेको छ । उड्डयन सुरक्षा सुदृढीकरण गर्न प्राधिकरणको सुरक्षा निर्देशनालयमा उपमहानिर्देशकको नेतृत्व रहनेछ ।

त्यसअन्तर्गत सेवा प्रदायक र नियमनकारी क्षेत्रमा कार्यरत कर्मचारीको एक अर्को क्षेत्रमा सरुवा नहुने व्यवस्था कार्यान्वयन गरिएको छ । पछिल्ला दिनमा बहुर्राष्ट्रिय निकायबाट हवाई सुरक्षाबारे धमाधम अध्ययन तथा अडिट भइरहेको छ । यसले मुलुकको समग्र हवाई सुरक्षा प्रणालीप्रति विश्वको ध्यान खिचेको र नेपालको हवाई सुरक्षाप्रति अन्तर्राष्ट्रिय सरोकारवालाको विश्वास अभिवृद्धि भएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बताए । उनले भने, 'मुलुकको हवाई क्षेत्रमा अन्तर्राष्ट्रिय निकायको चासो र सद्भाव रहनु नेपालको हवाई सुरक्षा प्रणाली राम्रो छ, भन्ने सन्देश गएको छ ।'

**बहुर्राष्ट्रिय निकायबाट अध्ययन**

आइकाओको अडिट रिपोर्टपछि एकपछि अर्को अन्तर्राष्ट्रिय निकायले नेपालको हवाई क्षेत्रबारे अध्ययन र छलफल गरेका छन् । आइकाओको अडिट लगत्तै यरोपेली सङ्घ (इयू) को प्राविधिक टोलीले नेपालको हवाई सुरक्षा प्रणालीबारे अडिट गरेको थियो । गत अप्रिल १२ देखि २५ तारिखसम्म इयूको टोलीले नेपालको हवाई सुरक्षा परिपालनका विषयमा अध्ययन गरेको हो । इयूको टोलीले अक्टोबर ६ देखि ८ तारिखसम्म अध्ययन गरेको थियो । नेपालले गरेको प्रगतिप्रति इयूको टोली उत्साहित बनेको थियो । त्यस लगत्तै विश्व बैंकको विज्ञ टोलीले अक्टोबर ११ देखि १९ सम्म प्राधिकरणका उच्च अधिकारी र हवाई उद्योगसँग सम्बन्धित सरोकारवालासँग छलफल गरेको थियो । उक्त टोलीले समेत नेपालमा सुरक्षा अभिवृद्धिमा दक्षजनशक्ति रहेको भन्दै सन्तुष्टि व्यक्त गरेको प्राधिकरणले जनाएको छ । पछिल्लो पटक अक्टोबर २० देखि २२ सम्म संयुक्त राज्य अमेरिकाको नागरिक उड्डयनको नियामक निकाय 'फेडेरल एभिएसन एड्मिनिष्ट्रेसन' को एक मिसनले नेपालको हवाई क्षेत्रका सरोकारवालासँग छलफल गरेको थियो ।

**अमेरिकी नियामक निकायको अध्ययन**

अमेरिकी नियामक निकायको टोलीले नेपालको हवाई सुरक्षाको अवस्थाबारे हालै सरोकारवालासँग छलफल गरेको छ । एफएएका दक्षिण एशिया हेर्ने प्रमुख प्रतिनिधि डेनियल जकोबले नेपालको हवाई सुरक्षा प्रणालीबारे विज्ञ सरोकारवालासँग छलफल गरेको प्राधिकरणका प्रवक्ता निरौलाले बताए । नेपाल र अमेरिकाबीच हवाई सेवा सम्झौताको तयारी अगाडि बढिरहेको सन्दर्भमा अमेरिकाले नेपालको हवाई सुरक्षाबारे अध्ययन गर्नु सकारात्मक विषय भएको उनले उल्लेख गरे ।

**कहिले हुँदैछ अमेरिकासँग हवाई सम्झौता**

अमेरिकासँग सिधा हवाई उडानका लागि द्विपक्षीय हवाई सम्झौता गर्नेबारे संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणले सरोकारवालासँग छलफल गरिरहेको छ । 'एकीन मिति तय भएको छैन, आगामी नोभेम्बर या डिसेम्भरमा हवाई सम्झौता हुन्छ अमेरिकाले पठाएको हवाई सम्झौताको मस्यौदामाथि अहिले छलफल भइरहेको छ', प्राधिकरणका प्रवक्ता निरौलाले भने । नेपालसँग हवाई सम्झौता गर्न अमेरिका आफैले चासो देखाएर सम्झौताको मस्यौदा पठाएको प्राधिकरणले जनाएको छ । नेपालले हाल ४० देश र युरोपेलीय सङ्घ (इयू) गरी ४१ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ ।

**इयू सकारात्मक**

नेपालको हवाई उड्डयन इयूको प्राविधिक टोली सकारात्मक देखिएको छ । इयू अन्तर्गतको युरोपियन एभिएसन सेफ्टी एजेन्सीको अडिट टोलीले नेपालको समग्र हवाई सुरक्षाबारे सकारात्मक प्रतिक्रिया दिएको प्राधिकरणले जनाएको छ । यद्यपि अक्टोबर २८ मा नेपाललाई प्रतिवेदन दिने प्रारम्भिक कार्यक्रम छ । इयूले विगत १० वर्षदेखि नेपाललाई 'उड्डयन सुरक्षा सूची'मा राखेको छ । यसअघि नेपालको हवाई उड्डयन सुरक्षामा जोखिम बढेको जनाउँदै आइकाओले सन् २०१३ मा नेपाली वायुसेवालाई गम्भीर सुरक्षा चासोको सूचीमा राखेको थियो । पछि सन् २०१७ मा नेपालले प्रगति गरेको भन्दै आइकाओले उक्त सुरक्षा सूचीबाट हटाएको थियो ।

## एसपी र डीएसपी.............

गरेकाले समेत हामी सबैले रक्तदान गरेर त्यस्ता मानिसको ज्यान जोगाउन सकिने र यो जिवनको सबभन्दा पुन्य कर्म हुने बताए ।

यता रगत दान गर्दै एसपी बोगटीले हामि सबै यो कर्म गर्नुपर्नेमा जोड दिए । रगत दिदा शरिरको पुरानो रगत गएर नयाँ रगत बन्ने र शरीर पनि अझ चुस्त दुरुस्त र स्वस्थ हुने बताए । बोगटीले सबै जनता सङ्ग शरिरिक स्वस्थता हेरि सबैले रक्तदान गर्न आग्रह समेत गरे । समाजसेवी जङ्गबहादुर यादवले यसरी बाराको सन्दर्भमा बाराका प्रहरी प्रमुख र उपप्रमुख ले सङ्गै रक्त दान गरेको आफैमा एतिहासिक छण भएको र यसलाई सदैव स्मरण गरिने बताए । प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालय कलैयाको कार्यालय प्रमुख डा. पुनिता केसरिको अध्यक्षतामा भएको कार्यक्रमको संचालन वरिष्ठ कविराज निरिक्षक सहदेव पन्डितले गरेका थिए । उक्त शिविरमा जम्मा ३० जनाले रक्तदान गरेकोमा १ जना महिला र २९ जना पुरुष रहेको आयोजक प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले जानकारी गराए ।

## ५० लाखको ..................

बताए । बोगटीले ट्रक चालक तामाङले सिन्धुली पुर्याउनुपर्ने तेल बाटो बाटै कुरा मिलाएर रौतहटको गौर नगरपालिका १ रमेश कुमारको घरमा तेल भण्डारण गरेको भेटीएको पनि बताए ।

प्रहरीले भण्डारण गरेको घरबाट टूकमा लोड गरिएको भन्दा कम ३ हजार १ सय १७ लटिर मात्रै तेल फेला परेको छ । बाँकी तेल उनीहरुले बीक्री गरीसकेको प्रहरीले अनुमान गरेको छ । प्रहरीले रमेशका साथै रौतहटकै वृन्दावन नगरपालिका ६ हर्साहाका ३८ वर्षीय शेष कलाम र सोही गाउँपालिका ८ का ४७ वर्षका वैद्यनाथ साह तेलीलाई पक्राउ गरेको छ । पक्राउ पर्ने उनीहरुलाई थप कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय बारा कलैयाको हीरासतमा राखिएको प्रहरी उपरिक्षक बोगटीले पत्रकार सम्मेलन मार्फत जानकारी गराए ।

# बैंकमा पैसा राख्ने निक्षेपकर्तालाई साढे १ प्रतिशत घाटा

काठमाण्डौ, ६ कात्तिक ।

बैंकहरुले कर्जा दिँदा चर्को ब्याज लिएको भन्दै देशका विभिन्न भागबाट उद्योगी व्यवसायीले आन्दोलन थालेका छन् । बैंकहरुले दिने कर्जाको ब्याजदर सकेसम्म एकल अंकमा राखनुपर्छ भन्ने माग उद्योगी व्यवसायीको छ । निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स जस्ता संस्थाहरुले पनि बैंकहरुले लिने कर्जाको ब्याजदर महँगो भएको भन्दै घटाउन दबाब दिइरहेका छन् । तर, उद्योगी व्यवसायीसँग प्रत्यक्ष जोडिएको महँगीसँग तुलना गर्ने हो भने बैंकबाट ऋण लिनेहरूलाई भन्दा बैंकमा पैसा जम्मा गर्नेलाई बढी नोक्सानी भएको तथ्यांकले देखाएको छ । नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांक अनुसार गत भदौ महिनामा ८.६४ प्रतिशतले महँगी बढेको छ। अर्थात २०७८ भदौमा कुनै वस्तु १०० रुपैयाँमा पाइन्थ्यो भने गत भदौ महिनामा त्यही वस्तु किन्न १०८ रुपैयाँ ६४ पैसा तिर्नुपर्यो। जबकी २०७८ भदौको महँगीदर ३.४९ प्रतिशत थियो । गत भदौमा निक्षेपको औसत ब्याजदर भने ७.८१ प्रतिशत छ। अर्थात गत भदौमा तपाईंले बैंकमा १०० रुपैयाँ राख्दा ७.८१ रुपैयाँ ब्याज पाउनुभयो । त्यसमा पनि थप ५ प्रतिशत ब्याजकर लाग्छ । यो भनेको करिब ४० पैसा हुन्छ । त्यो कर घटाउँदा तपाईंले भदौमा महिनामा १०० रुपैयाँ राख्दा ७.४१ रुपैयाँ ब्याज पाउनुभयो । तर, गत भदौको मूल्यवृद्धि दर ८.६४ प्रतिशत छ । अर्थात २०७८ भदौमा कुनै सामान १०० रुपैयाँ पाइन्थ्यो भने गत भदौमा त्यही सामान किन्न १०८.६४ रुपैयाँ तिर्नु परेको छ। आफूले सामान किन्दा १०८.६४ रुपैयाँ तिर्नुपर्ने




तर आफूले बैंकमा राखेको १०० रुपैयाँको मूल्यांकन १०७.४१ रुपैयाँ मात्रै हुने अवस्था गत भदौमा देखियो ।

अहिले बैंकमा निक्षेप राख्दा निक्षेपकर्तालाई उल्टै नोक्सानी हुने अर्थशास्त्री रामेश्वर खनाल बताउँछन् । मूल्यवृद्धिको तुलनामा ब्याजदर वृद्धि कम भएकोले बैंकमा पैसा राख्ने निक्षेपकर्तालाई घाटा लागेको उनको भनाइ छ ।

'मूल्यवृद्धिसँग तुलना गर्दा गत भदौ महिनामा निक्षेपकर्ताले औसतमा १.४० प्रतिशत जति नोक्सानी व्यहोर्नु परेको छ, निक्षेपकर्तालाई निरुत्साहित गरेर तरलता अभावको समस्या समाधान हुँदैन, विगतदेखि नै ठगिँदै आएका निक्षेपकर्ता अहिले पनि ठगिइरहेका छन्,' पूर्व अर्थसचिव समेत रहेका अर्थशास्त्री खनालले रातोपाटीसँग भने । उनले ब्याजदर बढी भयो भनेर उद्योगी व्यवसायीले आन्दोलन गर्नुको औचित्य नभएको पनि बताए । महँगी वृद्धिमा उपभोक्ताको कुनै भूमिका नहुने र उत्पादक तथा वितरककै कारण भएको महंगीले निक्षेपकर्तालाई नोक्सानी भइरहेको समयमा पनि फेरि ब्याजदर घटाउनु पर्छ भनेर आन्दोलन गर्नुको औचित्य आफूले नबुझेको उनको भनाइ छ । 'अहिले ८.६४ प्रतिशत महँगी छ, यो महँगी उपभोक्ताले बढाइदिएका होइनन्, उद्योगी व्यवसायीकै कारण महँगी बढेको हो, एकातिर महँगी बढाएर निक्षेपकर्तालाई नोक्सानीमा पार्ने, अर्कोतिर ब्याजदर बढी भयो भन्दै आन्दोलन गरेर घटाउन दबाब दिने, यस्तो नचाहिने गतिविधि गर्ने छुट कसैलाई पनि दिनुहुँदैन,' खनालले भने । उनले विगतका दिनहरुमा बचतमा २ प्रतिशत ब्याज पाउँदा पनि बचतकर्ता आन्दोलनमा नउत्रिएको भन्दै बचतकर्ताको साझोपनको फाइदा उद्योगी व्यवसायीले लिइरहेको बताए । अर्थशास्त्री केशव आचार्य पनि अहिले बैंकमा पैसा राखनेहरुको सम्पत्ति घटिरहेको बताउँछन् । मूल्यवृद्धिको तुलनामा ब्याजदर कम भएकोले निक्षेपकर्तालाई नोक्सानी परिरहेको उनको भनाइ छ। 'नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको भदौसम्मको तथ्यांक अनुसार मुद्रास्फीतिदर ८.६४ प्रतिशत छ तर, अहिले बचतको औसत ब्याजदर योभन्दा कम छ, त्यसैले निक्षेपकर्ताले किन बैंकमा पैसा राख्ने ? बचत खातामा कमसेकम मुद्रास्फीतिदर बराबरको ब्याज त दिनै पर्यो, अहिले बचतमा औसतमा ७.८१ प्रतिशत ब्याज छ, यस्तो अवस्थामा निक्षेपकर्ताले बैंकमा रकम राखन खोज्दैनन्,' नेपाल राष्ट्र बैंकको पूर्व कार्यकारी निर्देशक समेत रहेका अर्थशास्त्री आचार्यले भने । (साभार–रातोपाटी)

# सन्दीपको अनुसन्धान सकियो, प्रहरी प्रतिवेदन सरकारी वकिलमा

काठमाण्डौ, ६ कात्तिक ।

क्रिकेटर सन्दीप लामिछानेविरुद्ध लागेको आरोपबारे प्रहरीले अनुसन्धान पुरा गरेको छ । आइतबार प्रहरी वृत गौशालाले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालय काठमाडौंमा बुझाएको छ । प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएको सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख (सह न्यायाधिवक्ता) अच्यूतमणि नेउपानेले रातोपाटीलाई बताए । प्रहरीले सन्दीप विरुद्ध जबर्जस्ती करणी गरेको कसुरमा अधिकतम सजाय हुन माग दावी गरेको छ ।

अनुसन्धान प्रतिवेदनका आधारमा अभियोग पत्र तयार गरेर



तिहार विदापछि जिल्ला अदालतमा अभियोग पत्र दायर गरिने सह न्यायाधिवक्ता नेउपानेले जानकारी दिए । आइतबार काठमाडौं जिल्ला अदालतले सन्दीपलाई थप २ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । सन्दीप असोज २० बाट गौशाला प्रहरीको हिरासतमा छन् । उनीविरुद्ध १७ वर्षीया किशोरीले प्रहरी वृत्त गौशालामा भदौ २१ मा बलात्कारको जाहेरी दिएकी थिइन् ।
(साभार–रातोपाटी)

# कांग्रेसका २ सय ६६ नेता चुनावी मैदानमा, महिला ८, दलित शून्य

काठमाण्डौ, ६ कात्तिक ।

आसन्न मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सत्तासीन नेपाली कांग्रेसका २६६ जना उम्मेदवार छन्। प्रतिनिधिसभाका १६५ मध्ये ९१ र प्रदेशसभाका ३३० मध्ये १७५ सिटमा कांग्रेसका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । पाँच दलीय गठबन्धनमा कांग्रेसले प्रतिनिधिसभामा ५५ र प्रदेशसभामा ५० प्रतिशत निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको छ । प्रतिनिधिसभातर्फ नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, लोकतान्त्रिक जनता पार्टी र राष्ट्रिय जनमोर्चालाई ४४ प्रतिशत सिटमा कांग्रेसले समर्थन गरेको छ। प्रदेश सभातर्फ भन्ने कांग्रेस र बाँकी चार दलका गरी बराबरी उम्मेदवार रहेको पाइन्छ । कांग्रेसले प्रदेश १ को प्रदेशसभा सदस्यमा २६, मधेस प्रदेशसभा सदस्यमा २५ बागमती प्रदेश सदस्यमा ४१, गण्डकी प्रदेशसभा सदस्यमा २२, लुम्बिनी प्रदेशसभा




सदस्यमा ३१, कर्णाली प्रदेशसभा सदस्यमा १२ र सुदूरपश्चिम प्रदेशसभा सदस्यमा १८ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको छ । यस अनुसार गठबन्धनभित्रको सिट बाँडफाँटमा कांग्रेसले दाबी अनुसार नै सिट पाएको छ । तर पार्टीभित्रको उम्मेदवार छनोटमा भने कांग्रेस असमावेशी चरित्र देखाएको छ । प्रतिनिधिसभाका ९१ मध्ये ५ सिटमा मात्र महिला उम्मेदवार बनाएको कांग्रेसले दलित समुदायलाई बहिस्करण गरेको छ । प्रदेशसभाको उम्मेदवार छनोट समावेशी दृष्टिकोणमा झन् उदेक लाग्दो छ । कांग्रेसले सातवटा प्रदेशमध्ये ६ प्रदेशमा महिलालाई प्रत्यक्षतर्फ टिकट नै दिएको छैन भने बागमती प्रदेशमा ४१ उम्मेदवार उठाउँदा ३ जना महिलाले अवसर पाएको देखिन्छ। प्रदेशमा पनि १ दलितलाई उम्मेदवार बनाउन कांग्रेसले आवश्यक ठानेको देखिँदैन । पार्टीमा एक जना सहमहामन्त्री र ८ जना केन्द्रीय सदस्य छन् । टिकट वितरणमा पहुँच भएका सहमहामन्त्री जीवन परियारले समानुपातिक रोजे भने केन्द्रीय सदस्यलाई नेतृत्वले पत्याएन । पार्टीभित्रको चरम गुटबन्दी र दलित भएका कारण टिकट नपाएको केन्द्रीय सदस्य प्रकाश रसाइली (स्नेही) को गुनासो छ। नेतृत्वले पार्टीका ४५ हजार दलितको मन दुखाउने काम गरेको उनको भनाइ छ। (साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा